"शिक्षा, सडक, सिंचाई र कृषि गोलन्जोरको पुर्वाधार ॥ तरकारी खेति,पशुपालन र पर्यटन विकास समृद्धिको मूल आधार"

# गोलन्जोर गाउँपालिका
# Golanjor Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

☎ ०४७-६९२०२५, ०४७-६९१९३२
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
३ नं. प्रदेश, नेपाल
3 No. province, Nepal

प.स. २०७५/०७६
च.न. १२३०

मितिः २०७६/०१/०६

विषयः विद्यार्थी भर्ना अभियान सम्वन्धमा ।

श्री सामुदायिक विद्यालय (सबै),
गोलन्जोर गाउँपालिका ।

प्रस्तुत विषयमा विगत २०६१ साल देखि विद्यालय उमेर समूहका विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई अभियानकै रुपमा विद्यालय प्रवेश गराउने कार्यक्रमका रुपमा विद्यार्थी भर्ना अभियान प्रत्येक वर्ष वैशाख २ गते देखि सञ्चालन हुदै आएको सन्दर्भमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाण्डौं को मितिः२०७५/१२/२९, च.न. ४४० को प्राप्त पत्रानुसार तपशिल वमोजिम व्यवस्था मिलाउनुहुन यस गाउँपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

१. सबै बिद्यालयहरुले " *हाम्रो नगर हाम्रो गाउँ , सवै वालवालिकालाई विद्यालय पुर्याऔं* " भन्ने आदर्श वाक्य सहितको व्यानर बनाई विद्यालय परिसरमा राख्ने व्यवस्था मिलाउने ।
२. आफ्नो क्षेत्रमा विद्यालय बाहिर रहेका हरेक समूहका बालबालिकाहरुको नाम नामेसी सहितको विवरण २०७५ फागुन १६ गतेको गोरखापत्रमा प्रकाशित फारम (यसै साथ संलग्न) बमोजिमको ढाँचामा संकलन गर्ने व्यवस्था मिलाई विद्यालयमा भर्ना गर्ने र निरन्तर रुपमा टिकाउनाका लागि कार्य योजना निर्माण गरी कार्यान्वयन गर्न व्यवस्था मिलाउने ।
३. वैशाख १५ गतेसम्म हरेक विद्यालहहरुले विद्यालय र समुदाय केन्द्रित विभिन्न कार्यक्रम गर्ने र १५ गते पछि वैशाख मसान्तसम्म लक्षित समूह केन्द्रित विशेष घरदैलो अभियान सञ्चालन गर्ने ।
४. सामाजिक अभियन्ता, शिक्षाप्रेमी र समाजसेवी, राजनीतिकर्मी र इच्छुक व्यक्ति तथा सँस्थालाई भर्ना अभियानमा सरिक हुन सूचना आह्वान गरी अभिभावकत्वको समेत व्यवस्था मिलाउने ।
५. कक्षा १ देखि १० सम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने सवै वालवालिकाहरुलाई भर्ना सँगै सेटमा नँया पाठ्यपुस्तक (कक्षा १-५ मा अध्ययन गर्ने सबैलाई रङ्गीन) उपलव्ध गराउने गरी प्रभावकारी वितरण प्रणाली सहितको कार्य योजना वनाई कार्यन्वयन गर्न व्यवस्था मिलाउने ।
६. ४ वर्ष उमेर पुरा गरेका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा कक्षामा भर्ना गराउने र विशेष आवश्यक्ता भएका सवै किसिमका बालबालिकाहरुलाई उमेर अनुसार मिल्दो सिकाई स्थलमा भर्ना गराउने ।

.................................
ठाकुर प्रसाद दाहाल
शाखा अधिकृत